नेपाल सरकार
**राष्ट्रिय परीक्षा बोर्ड**
**परीक्षा नियन्त्रण कार्यालय कक्षा १०**
सानोठिमी, भक्तपुर

# माध्यमिक शिक्षा परीक्षा (एसइइ) २०८० मा समावेश हुनका लागि रजिष्ट्रेशन फाराम भर्ने भराउने सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०७९ फाल्गुण १९**

शैक्षिक सत्र २०७९ मा कक्षा ९ मा साधारण, परम्परागत (संस्कृत/वेदविद्याश्रम/गुरुकुल/मदर्सा/गोन्पा) र प्राविधिक धारतर्फ नियमित रुपमा अध्ययनरत विद्यार्थीहरुले २०८० सालको नियमित माध्यमिक शिक्षा परीक्षा (एसइइ) मा समावेश हुनका लागि रजिष्ट्रेशन फाराम २०७९ फाल्गुण १९ देखि २०८० बैशाख १५ भित्र भर्ने भराउने कार्यका लागि सम्बन्धित सबै विद्यार्थी, विद्यालय, स्थानीय तहका शिक्षा महाशाखा/शाखा, शिक्षा विकास तथा समन्वय इकाइ, राष्ट्रिय परीक्षा बोर्डका प्रदेश तथा शाखा कार्यालय तथा शिक्षा विकास निर्देशनालयको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **विद्यालयहरुमा हाल कक्षा ९ मा अध्ययनरत साधारण, परम्परागत तथा प्राविधिक धारतर्फका विद्यार्थीहरुका लागिः**

क) हाल कक्षा ९ मा नियमित विद्यार्थीको रुपमा अध्ययनरत साधारण, परम्परागत र प्राविधिक धारतर्फ समेतका विद्यार्थीहरुले **अङ्काङ्कन पद्धतिमा कक्षा ८ वा सो सरहको वार्षिक परीक्षा उत्तीर्ण भएको हुनुपर्नेछ। साथै अक्षराङ्कन पद्धति** (२०७२ – २०७७) **का हकमा अनिवार्य विषयहरुमा न्यूनतम D+ ग्रेड र २०७८ सालमा न्यूनतम D ग्रेड प्राप्त ग्रेडसिट र** जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (प्रधानाध्यापकबाट प्रमाणित) संलग्न गरी विद्यालय पोशाकमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो निर्दिष्ट स्थानमा टाँसी **२०७९ फाल्गुण १९ देखि २०७९ चैत्र मसान्त भित्र** राजश्व वापत **रु.** ३००।- र सो मिति भित्र रकम दाखिला गर्न नसक्ने विद्यार्थीहरुले **२०८० बैशाख १५ भित्र** विलम्व शुल्क समेत गरी **रु.** ६००।- सहित आफू अध्ययनरत विद्यालयमार्फत फाराम भरी सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा बुझाउनु पर्नेछ। उक्त दस्तुर **राजश्व शीर्षक नं.** १४२२३ मा दाखिला गर्नुपर्नेछ।

ख) विद्यालयहरुले आफ्नो विद्यालयमा नियमित रुपमा अध्ययनरत विद्यार्थीहरुको नामथर, जन्ममिति, आमा बाबुको नाम ठीकसँग भरे नभरेको रुजु गर्ने, गराउने पछिसम्म फरक नपर्ने गरी प्रमाणित गर्ने र **२०८० बैशाख १७ भित्र** राजश्व शुल्कको विवरण सहित उक्त फाराम सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा बुझाइ सक्नुपर्नेछ।

ग) खुला तथा वैकल्पिक विद्यालय र अनौपचारिक प्रौढ विद्यालयका विद्यार्थीहरुले २०८० सालको परीक्षा आवेदन फाराम भर्ने समयमा रजिष्ट्रेशन फाराम समेत सँगै भर्नुपर्नेछ।

२. यो फाराम साधारण, परम्परागत तथा प्राविधिक धारतर्फका विद्यार्थीहरुले माध्यमिक शिक्षा परीक्षा (एसइइ) २०८० मा समावेश हुनका लागि आफ्नो नाम दर्ता गर्ने प्रयोजनका लागि भरिने भएकाले यो फाराम नभर्ने विद्यार्थीहरुले उक्त सालको माध्यमिक शिक्षा परीक्षा (एसइइ) मा सामेल हुन पाउने छैनन्।

३. शिक्षा विकास तथा समन्वय इकाइहरुले रजिष्ट्रेशन फारामका आवश्यक विवरणहरु **अनलाइन इन्ट्री तथा रुजु कार्य निम्नानुसारको कार्य तालिका अनुसार सम्पन्न गर्नुपर्ने छ।**

| क्र. सं. | कार्य | समयावधि | कैफियत |
|---|---|---|---|
| १ | शिक्षा विकास तथा समन्वय इकाइले अनलाइन इन्ट्री गरी विद्यालयलाई रुजु गर्न पठाउने | २०८० असार मसान्तसम्म | |
| २ | विद्यालयले रुजु गरी शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने | २०८० श्रावण १५ सम्म | |
| ३ | शिक्षा विकास तथा समन्वय इकाइले रजिष्ट्रेशन नम्बर कायम गर्न विद्यालयगत विवरण प.नि.का.मा उपलब्ध गराउने | २०८० भाद्र मसान्तसम्म | |
| ४ | प.नि.का. बाट कायम भएको रजिष्ट्रेशन नम्बर सहितको विवरण शिक्षा विकास तथा समन्वय इकाइले सम्बन्धित शिक्षा विकास निर्देशनालय र सम्बन्धित विद्यालयहरुमा पठाउने। साथै उक्त विवरण सम्बन्धित पालिकालाई समेत विद्यालयगतरुपमा उपलब्ध गराउने। | २०८० असोज मसान्तसम्म | |

**नोटः**

- विद्यार्थीले रजिष्ट्रेशन फाराम भर्दा आफू नियमित रुपमा अध्ययन गरिरहेको विद्यालयबाट मात्र भर्नुपर्नेछ। एक भन्दा बढि विद्यालय/जिल्ला/स्थानबाट भरेको पाइएमा दुबै तर्फको फाराम स्वतः रद्द हुनेछ। दोहोरो रजिष्ट्रेशन भर्ने भराउने कार्य नगर्नु नगराउनुहुन र सो कार्य अटेर गरी गरेमा पछि परीक्षा रद्द हुनेछ साथै त्यसो गर्ने गराउने व्यक्ति/संस्था स्वयं जिम्मेवार हुनुपर्नेछ।
- फाराम भर्दा रजिष्ट्रेशन फाराममा उल्लेख भए अनुसार १२ अङ्कको रजिष्ट्रेशन नम्बर राख्ने ठाउँ हाललाई खाली राख्ने र प.नि.का. बाट रजिष्ट्रेशन नम्बर प्राप्त भए पछि शिक्षा विकास तथा समन्वय इकाइले विद्यालयलाई अर्धकट्टी उपलब्ध गराउने।
- रजिष्ट्रेशन फाराम सम्बन्धित शिक्षा तथा समन्वय इकाइबाट उपलब्ध हुनेछ। कुनै कारणले रजिष्ट्रेशन फाराम उपलब्ध हुन नसकेमा विद्यालयले परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को वेवसाइट www.see.gov.np वा राष्ट्रिय परीक्षा बोर्डको वेवसाइट www.neb.gov.np बाट डाउनलोड गरी प्रयोग गर्न सक्नेछ।

यस सम्बन्धी सूचना एवम् जानकारी राष्ट्रिय परीक्षा बोर्डको वेवसाइट www.neb.gov.np, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को वेवसाइट **www.see.gov.np** वा सम्बन्धित शिक्षा विकास निर्देशनालयको वेवसाइटबाट प्राप्त गर्न सकिनेछ। साथै सूचना सम्बन्धी कुनै द्विविधा भएमा परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को फोनं. ०१–६६३०८१९ मा सम्पर्क गरेर स्पष्ट हुन सकिनेछ।

**नियन्त्रक**